DAILY
# NEWSLETTER

As of July 16 , 2025

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## बजारमा विस्तारै सुधारको संकेत, प्रमुख क्षेत्रहरू हरियोमा




नेप्से परिसूचक ३४.६१ अंक बढेर २७९४.७८ विन्दुमा पुगेको छ।

१४ अर्ब ३ करोड ४८ लाख ३९ हजार रुपैयाँबराबरको ४ करोड ३१ लाख ११ हजार कित्ता शेयर खरिदबिक्री भएको छ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा माथि छ । |
| MACD | नेप्सेमा हाल MACD मा Buying pressure देखेको छ। |
| RSI | RSI 50 माथि देखिन्छ । |

| | |
|---|---|
| Support | 2600-2580 |
| Resistance | 2750-2800 |

बुधबार नेप्से परिसूचक ३४.६१ अंकले बढेर २७९४.७८ विन्दुमा पुगेको छ, जुन करिब साढे ४ महिनाको उच्च विन्दु हो। कारोबार रकम पनि १४ अर्ब नाघेर उल्लेखनीय रूपमा बढेको छ। ४ करोड ३१ लाख कित्ता शेयर ९९ हजार पटकको कारोबारमा किनबेच भएको हो।बुधबारको कारोबारमा बैंकिङ, विकास बैंक, जलविद्युत् लगायतका प्रमुख क्षेत्रहरू आंशिक रूपमा हरियोमा देखिएपछि बजारले बिस्तारै सुधारको बाटो समातेको संकेत दिएको छ। लगातारको सन्तुलित वृद्धि र कारोबारको व्यापकता हेर्दा बजारमा लगानीकर्ताको विश्वास फर्किरहेको देखिन्छ। कुनै एक क्षेत्रले मात्रै हैन, धेरै क्षेत्रहरूले सँगसँगै सुधार देखाउनु स्वस्थ बजारको लक्षण हो। यस्ता क्रमहरू कायम रहेमा दीर्घकालीन बुलिस ट्रेन्डको संभावना बलियो हुँदै जान्छ।


9709043043
www.sarbaguna.com
sarb.agun
sarbaguna.investm
Sarbaguna Investment